Association of Nepalese Rice Oil & Pulses Industry
नेपाल चामल तेल दाल उद्योग संघ

# प्रेस विज्ञप्ति

नेपाल सरकारले आर्थिक बर्ष २०८१/०८२ को लागि हालै प्रस्तुत बजेटका समग्र पक्ष स्वागतयोग्य देखिएपनी नेपालीको भान्छामा दैनिक प्रयोगहुने अत्यावश्यक खाद्यान्नको प्रसोधन गरी बिक्री बितरण गर्ने दाल उद्योगको कच्चा पदार्थ (दाल गेडागुडी) आयातमा अत्याधिक १० % अग्रिम आयकर लागेको प्रति यस संघको ध्यानाकर्षण भएको छ ।

कच्चा पदार्थ आयातमा १० % अग्रिम आयकर थपिदा आयातित तयारी दाल गेडागुडी र खुला सिमानाबाट आयात हुने दाल गेडागुडीसंग प्रतिस्पर्धा गर्न नसकी यहांको उद्योग बन्द हुने भएको छ । कच्चा दाल आयातमा १० % अग्रिम आयकर थपिदा स्वदेशी उद्योग Survive गर्न नसकिने भएको छ । हाल मिलको कच्चा दाल र गेडागुडी आयातमा १० % भन्सार महसुल लागिरहेको छ । यो संगै अतिरिक्त १० % अग्रिम आयकर भंसारमै बुझाउने ब्यवस्था गरेको छ । यसरी कर माथी कर थपिंदा दाल गेडागुडी महंगो हुने जानकारी गराउन चाहन्छौ ।

नेपालमा करीब ३५ बटा दाल उद्योग संचालनमा रहेको छ । दाल उद्योगमा लगभग ३५ अरबको लगानी छ भने प्रत्यक्ष र अप्रत्यक्ष गरी ५ हजारले रोजगारी पाईरहेकाछन् । नेपाल सरकारलाई निरन्तर कर बुझाई राजश्वमा पनी योगदान दिंदै अएको छ । हाम्रो बिचारमा कुनै उद्योगलाई १० % अग्रिम आयकर लगाउने सरकारको मनसायनभएर दाल उद्योगमा त्रुटीपूर्ण अग्रिम आयकर थपिएको हुन सक्छ । HS कोड ०७१३ मा खान हुने बनस्पति र केही जराहरु र गानाहरु भएकोमा आलु प्याजहरु यस्तै हार्मोनिक कोड संगै भएकोले दालमा पनी त्रुटीपुर्ण त्यही लाईनमा समाबेस भएको हुन सक्छ ।

कच्चा दालमा १० % अग्रिम करको नीति उपयुक्त देखिदैन किनभने एकातर्फ सरकारले खुद नाफामा २० % सिमित गरीरहेको छ भने अर्कोतर्फ १० % अग्रिम करले न्युनतम खुद नाफामा ५०% हुनु पर्ने देखाउछ । यो अवस्थामा अब कसरी उद्योग चलाउने । आफ्नो सम्पूर्ण पूंजिनै अग्रिम आयकरको रुपमा जम्मा भई उद्योग संचालन गर्न नसक्ने हुंदा उद्योग बन्द हुने अवस्था सिर्जना हुन्छ ।

कच्चा दालमा १० % अग्रिम आयकर लगाउदा :

१. खुला सिमानाको फाईदा उठाई अबैध आयातले प्रोत्साहन पाउछ ।
२. अनाधिकृत तबरबाट दाल भित्रिदा सरकारको राजश्व गुम्छ ।
३. रोजगारीमा प्रत्यक्ष असर पर्छ ।
४. अरबौको स्वदेशी लगानी डुब्ने सम्भावना छ ।
५. स्वदेशी दाल उद्योग बन्द हुंदा आयातित दालमा भर पर्नु पर्ने र उपभोक्ताले गुणस्तरिय दाल खान नपाउने ।
६. अतिरिक्त महसुलले दालको मुल्य बढछ र यसले मुद्रास्फिर्तिमा प्रत्यक्ष असर पर्न जान्छ ।

स्वदेशी दाल उद्योगले १० % अग्रिम आयकर थेगन नसक्ने हुंदा उद्योग बन्द हुने निश्चित छ । यसले देशको औद्योगिक क्षेत्रमा दिर्घकालिन असर पर्ने हुंदा कच्चा दालमा लागेको अग्रिम आयकर खारेजि गरी दिन संघको अनुरोध छ ।

कुमुद दुगड
अध्यक्ष

मिति: २०८१/०२/१७

G.P.O. Box: 20782, Signature Apartment, 1st floor, Teku, Kathmandu, Nepal, Tel: 4100115, Fax: 4100115, Email: anropinepal@gmail.com